**मिति २०७५ जेष्ठ १४ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. बस्ती/टोल भेला र वडा भेला सम्बन्धमा।
२. विषयगत समितिको बैठक सम्बन्धमा।
३. नगर सभा सम्बन्धमा।
४. वडा भेलामा सहयोगका लागी कर्मचारीको टोली गठन गरि पठाउने सम्बन्धमा।
५. दैवी प्रकोप राहत सम्बन्धमा।
६. आगामी वर्षको नीति तर्जुमाका लागी कार्यक्रम संसोधन गरि परामर्श सेवा लिने सम्बन्धमा।
७. कृषि, सहरकी र पशु विकास सम्बन्धीको कार्यक्रम संसोधन सम्बन्धमा।
८. सडक बत्ती/सोलार बत्ती सम्बन्धमा।
९. विद्युतीय होडिङ्ग बोर्ड सम्बन्धमा।
१०. वडा कार्यालयका लागी जग्गा प्राप्ती सम्बन्धमा।
११. क्षेत्रीय शहरी विकास आयोजना तर्फको कार्य सम्पादनमा आधारित बजेट सम्बन्धमा।
१२. स्वीकृत कार्यक्रम कार्यान्वयनमा लैजाने सम्बन्धमा।
१३. नगर प्रहरीमा खटाउने सम्बन्धमा।
१४. ताल तलैया, पोखरी र पानीका स्रोतहरुको संरक्षण कार्यक्रम सम्बन्धमा।
१५. भोगाधिकार सम्बन्धमा।
१६. वा.नं. १, ११ र १२ मा ढल निकास सम्बन्धमा।
१७. पुल, कल्भर्ट, ढल निकासका अधुरा योजना सम्बन्धमा।
१८. फलामे विद्युतिय पोल खरिद सम्बन्धमा।
१९. नयाँ योजनाको माँग सम्बन्धमा।
२०. विभिन्न संघ संस्थालाई सहयोग सम्बन्धमा।
२१. वडाको कार्यक्रम संसोधन सम्बन्धमा।
२२. केवलकारको पूर्व सम्भाब्यता अध्ययनका लागी बजेट विनियोजन सम्बन्धमा।
२३. दैवी प्रकोप राहत माँग (कृषि क्षेत्रमा पुर्‍याएको क्षती) सम्बन्धमा।
२४. साविकको ब्यक्तिगत घटना दर्ताका रेकर्डहरुलाई कम्प्यूटरमा इन्ट्रीका लागी थप बजेट माँग।
२५. गो.न.पा. ७ हरियाली आई.पी.एम. कृषि समूह (ख) लाई मोटर उपलब्ध गराउने सम्बन्धमा।

**निर्णय नं. १ :**

आगामी आर्थिक वर्ष ०७५/७६ का लागी नगर विकास योजना निर्माण गर्ने उद्देश्य अनुरुप यस नगरपालिकाका सबै वडाका बस्तीमा यहि मिति २०७५ जेष्ठ १७ गते देखि २० गतेसम्म बस्ती/टोल भेला गर्ने र बस्ती स्तरबाट प्राप्त भएका योजनाहरु नगरपालिकाले तोकेको सिलिङ्ग भित्र रही प्राथमिकताका साथ योजना तर्जुमा गर्नका लागी देहाय बमोजिम वडा भेला गर्ने निर्णय गरियो। साथै वडा भेलामा नगर प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले सहभागिता जनाउने निर्णय समेत गरियो।

| मिति | वडा नं. | समय | स्थान |
|---|---|---|---|
| २०७५/२/२२ गते | ८ | विहान ११.०० बजे | सम्बन्धित वडा कार्यालय |
| २०७५/२/२३ गते | १०, ११ र १२ | विहान ११.०० बजे | सम्बन्धित वडा कार्यालय |
| २०७५/२/२४ गते | १, २ र ३ | विहान ११.०० बजे | सम्बन्धित वडा कार्यालय |
| २०७५/२/२५ गते | ४, ६ र ७ | विहान ११.०० बजे | सम्बन्धित वडा कार्यालय |
| २०७५/२/२६ गते | ५ र ९ | विहान ११.०० बजे | सम्बन्धित वडा कार्यालय |

**निर्णय नं. २ :**

दोस्रो नगर सभाबाट आगामी आर्थिक वर्ष ०७५/७६ का लागी नगर विकास योजना तयार गर्न वडा स्तरबाट प्राथमिकीकरण भई आएका योजनाहरुमा छलफल तथा परामर्श गरि राय, सल्लाह, सुझाव सहित कार्यपालिकामा पेश गर्नका लागी विषयगत समितिको बैठक देहाय बमोजिम गर्ने निर्णय गरियो।

| मिति | विषयगत समिति | समय | स्थान |
|---|---|---|---|
| २०७५/२/२९ गते | • सार्वजनिक सेवा तथा क्षमता विकास समिति,<br>• आर्थिक विकास समिति,<br>• सामाजिक विकास समिति | पछि तोकिने | नगरपालिका सभाकक्ष |
| २०७५/२/३० गते | • पूर्वाधार विकास समिति,<br>• वातावरण तथा विपद् ब्यवस्थापन समिति,<br>• विधेयक समिति | पछि तोकिने | नगरपालिका सभाकक्ष |

**निर्णय नं. ३ :**

गोदावरी नगरपालिकाको आगामी आर्थिक वर्ष ०७५/७६ का लागी नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्ने गरी मिति २०७५/३/८ गते शुक्रबारका दिन दोश्रो नगरसभा आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

दोस्रो नगर सभाबाट आगामी आर्थिक वर्ष ०७५/७६ का लागी नगर विकास योजना तयार गर्न मिति २०७५ जेष्ठ २२ गते देखि २६ गते सम्म संचालन हुने वडा स्तरि भेलामा देहाय बमोजिमको कर्मचारीको टिम गठन गरि जिम्मेवारी बाँडफाड गर्ने निर्णय गरियो । साथै उक्त टोलीका सदस्यहरुलाई प्रति ब्यक्ति प्रति दिन सहजिकरण वापत रु. १,०००।- र खाना, खाजा वापत रु. ४००।- उपलब्ध गराउने निर्णय गरियो ।

| कर्मचारीको नाम | वडा नं. र मिति | समय | स्थान |
|---|---|---|---|
| श्री शिव राज भाट - संयोजक<br>" लोक राज उपाध्याय (कृषी) - सदस्य<br>" लाल बहादुर बोहरा (पशु) - सदस्य<br>" हर्क बहादुर खड्का (स्वास्थ्य)- सदस्य | ८ नं वडा, २०७५/२/२२ गते<br>१० नं. वडा, २०७५/२/२३ गते<br>२ नं. वडा, २०७५/२/२४ गते<br>४ नं. वडा, २०७५/२/२५ गते | विहान ११ बजे | सम्बन्धित वडा कार्यालयमा |
| श्री राजेश प्रसाद जोशी - संयोजक<br>" भवानी दत्त भट्ट (पशु) - सदस्य<br>" प्रतिभा श्रेष्ठ (महिला) - सदस्य<br>" राम प्रसाद फुलारा (शिक्षा) - सदस्य | ११ नं वडा, २०७५/२/२३ गते<br>३ नं. वडा, २०७५/२/२४ गते<br>६ नं. वडा, २०७५/२/२५ गते<br>५ नं. वडा, २०७५/२/२६ गते | विहान ११ बजे | सम्बन्धित वडा कार्यालयमा |
| श्री रुद्र बहादुर बोगटी - संयोजक<br>" खगेन्द्र महरा (स्वास्थ्य) - सदस्य<br>" भिम बहादुर बलायर (शिक्षा)- सदस्य<br>" सन्ध्या पडाल (महिला) - सदस्य | १२ नं वडा, २०७५/२/२३ गते<br>१ नं. वडा, २०७५/२/२४ गते<br>७ नं. वडा, २०७५/२/२५ गते<br>९ नं. वडा, २०७५/२/२६ गते | विहान ११ बजे | सम्बन्धित वडा कार्यालयमा |

**निर्णय नं. ५ :**

मिति २०७५/१/३० गते र त्यस पश्चात विभिन्न मितिमा आएको हावाहुरीले धनजनको क्षती गरेको हुँदा प्रहरी मुचुल्का र वडाको सिफारिस मार्फत यस कार्यालयमा राहतका लागी धैरै ब्यक्तिहरुको निवेदन प्राप्त भएकोले नगर प्रमुखज्यू र प्रमुख प्रशासकिय अधिकृतज्यूको तोकआदेश बमोजिम वितरण भएको राहत रकमलाई अनुमोदन गर्ने निर्णय गरियो र विभिन्न संघ संस्थाहरुमा पुऱ्याएको क्षतीलाई नगरपालिकाको प्राविधिक टोलीबाट अनुगमन गराई क्षतीको विवरणको आधारमा नगरपालिकाले जस्तापाता, सिमेन्ट जस्ता आवश्यक सामग्री खरिद गरि राहत स्वरुप वितरण गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ६ :**

आगामी आर्थिक वर्ष ०७५/७६ र त्यसपछिका बर्षहरुमा समेत नगरपालिकाले अबलम्बन गर्नुपर्ने क्षेत्रगत नीतिहरु निर्वाचित जनप्रतिनिधी तथा विषयगत शाखाका कर्मचारी तथा नगरबासीसँग समेत राय, परामर्श र

सल्लाह लिई तयार गर्न एक जना विज्ञको सेवा/परामर्श सेवा लिने निर्णय गरियो । साथै उक्त कार्यक्रम संचालनका लागी प्रथम नगर सभाबाट स्वीकृत गरिएको अनुसूची ३ को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गतको बुदा नं. २ को नगर प्रोफाइल अद्यावधिक कार्यक्रमलाई देहाय बमोजिम संसोधन गर्ने समेत निर्णय गरियो ।

| **क्र. सं.** | **प्रथम नगर सभाबाट स्वीकृत कार्यक्रमको नाम** | **स्वीकृत रकम** | **क्र. सं.** | **संसोधित कार्यक्रमको नाम** | **संसोधित रकम** |
|---|---|---|---|---|---|
| १ | नगर प्रोफाईल अद्यावधिक ( GIS मा आधारित बनाउने) | ५,००,०००।- | १ | नगरको नीति, कार्यक्रम तर्जुमा | १,५०,०००।- |

**निर्णय नं. ७ :**

गोदावरी नगरपालिकाको प्रथम नगरसभाबाट स्वीकृत अनुसूची ३ को बुदा नं. २.६ को कृषि, सहकारी र पशु विकास सम्बन्धी यस कार्यालयको मिति २०७५/२/४ गतेको निर्णयानुसार देहाय बमोजिमको संसोधित कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र. सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | थप हुनु पर्ने बजेट | घटाउनु पर्ने बजेट | कायम हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषिको पकेट क्षेत्र विकास कार्यक्रम | १२,००,०००।- | - | ७,५०,०००।- | ४,५०,०००।- | |
| २ | बिउबिजन अनुदान | २,००,०००।- | ५०,०००।- | - | २,५०,०००।- | कृषक समूहहरुलाई वर्षे तरकारीको बिउ वितरण गर्ने |
| ३ | प्राङ्गारिक कृषि खेती प्रवर्द्धन कार्यक्रम | १,५०,०००।- | १,५०,०००।- | - | ३,००,०००।- | वडा नं. ४ र १२ को पहाडी क्षेत्रमा समुहमा प्लाष्टिक घरमा टमाटर खेती गर्ने |
| ४ | कृषक तथा जनप्रतिनिधीहरुको संयुक्त भ्रमण | ३,००,०००।- | २,५०,०००।- | - | ५,५०,०००।- | |
| ५ | धान दिवस मनाउने | - | ३०,०००।- | - | ३०,०००।- | |
| ६ | फलफुल विरुवा वितरण | - | २,७०,०००।- | - | २,७०,०००।- | फलफुल विरुवा ७५% अनुदानमा वितरण गर्ने |
| | जम्मा | १८,५०,०००।- | ७,५०,०००।- | ७,५०,०००।- | १८,५०,०००।- | |

**निर्णय नं. ८ :**

गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत अनुसूची ३ को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गतको बुँदा नं. ६ को सडक बत्ती ब्यवस्थापनका लागी विनियोजित रु. ५५ लाखको बोलपत्र आब्हान भई बोलपत्र स्वीकृत समेत भइ सकेको र स्वीकृत बोलपत्र अनुसार ४८ थान सोलार बत्ती जडान हुने हुनाले प्रत्येक वडामा ४/४ वटा सोलार बत्ती जडान गर्ने गरी सोलार बत्ती जडान हुने स्थान वडाले तुरुन्त किटान गरि नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

गोदावरी नगरपालिकाको स्वीकृति एवं अनुमती लिई नगर क्षेत्र भित्र सोलार जडित आधुनिक विद्युतिय बोर्ड, ट्राफिक, डिजिटल घडी, युनिपोल बिलबोर्ड, सि.सि.टि.भि. ट्राफिक अबेला, टि.भि. बोर्ड जस्ता उपकरण जडान गरी विज्ञापन सामाग्री राखेर प्रचार प्रशारण गरी वार्षिक रुपमा नगर सभा/परिषद्ले निर्धारण गरे बमोजिमको विज्ञापन करको दररेटमा आगामी आ.व. २०७५/०७६ देखि यस नगरपालिकालाई विज्ञापन कर बुझाउने गरी यस नगर क्षेत्र भित्र सोलार जडित विद्युतिय माध्यमबाट विज्ञापन सामाग्रीहरुको प्रशारण सञ्चालन व्यवस्थापन गर्न इच्छुक संघ, संस्था एवं कम्पनीहरुलाई प्रस्ताव पेश गर्न २०७५/१/२५ गते सूचना प्रकाशित भएकोमा सुचना बमोजिम ३ वटा संस्थाको प्रस्ताव दर्ता हुन आएको र दर्ता भएका मध्ये क्याल्ड्रोन नेपाल

ग्राफिक्स प्रा.लि. को प्रस्ताव सारभुत रुपमा प्रभावग्राही रहेको भनी छनौटका लागि कार्यालयबाट शिफारिश भएकोले कार्यालयको सिफारिश बमोजिम क्याल्ड्रोन नेपाल ग्राफिक्स प्रा.लि. लाई सम्झौताका लागि सम्पर्क राख्न आउन आसयको सुचना जारी गर्ने र नियमानुसार सम्झौता गर्न कार्यालयलाई जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं. १० :**

गोदावरी नगरपालिका अर्न्तगत १२ वटा वडा रहेकोमा ३ वटा वडा कार्यालयको मात्र आफ्नो भवन रहेको र अरु वडा कार्यालयहरु भाडामा लिइ संचालन भैरहेको सन्दर्भमा एकातर्फ जनतालाई सहज र सरल तरिकाले सेवा प्रवाहमा कठिनाइ भएको र अर्कोतर्फ नगरपालिकाको चालुखर्च समेत बढ्दै जाने भएकोले वडा कार्यालयका लागी वडा केन्द्र रहेको स्थान वरपर जग्गा उपलब्ध गराउन जग्गाधनीहरुसँग आब्हान गर्ने र सो प्रक्रियाबाट जग्गा प्राप्ती नभएमा जग्गा प्राप्ती ऐन, २०३४ र सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ ले तोके बमोजिम बडा कार्यालयहरुको लागि जग्गा प्राप्ती गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै वडा भित्र रहेका ऐलानी प्रतिजग्गाहरु एकिन गरी सो जग्गाको संरक्षणका लागी घेरवार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस गोदावरी नगरपालिकामा संचालित क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत कार्य सम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास सम्बन्धी देहाय बमोजिमको कार्यक्रमलाई (PBSEDP) स्वीकृत गर्ने निर्णय गरियो ।

| कार्य सम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास कार्यक्रम (PBSEDP) | | |
|---|---|---|
| **सि.नं.** | **कार्यक्रम** | **वजेट** (रु. हजारमा) |
| **क)** | **संस्थागत विकास तर्फ (कम्तिमा २०%)** | |
| १ | भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम | २०० |
| २ | वार्ड सचिव र वार्ड कार्यपालिकाका सदस्यहरुलाई योजना छनौट तथा खरिद सम्बन्धी तालिम | ४५० |
| ३ | फोहरमैला व्यवस्थापन केन्द्रबाट प्रभावित जनसमुदायका लागी फोहरमैला व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी | १०० |
| ४ | फोहरमैला व्यवस्थापनको लागी प्रचार प्रसार रेडियो, पत्रिका, होडिङ्ग बोर्ड, फ्यालप्रिन्ट | १०० |
| ५ | व्यवसायिक कर अभिवृद्धी कार्यक्रम | ३५० |
| | **जम्मा (क)** | **१२००** |
| **ख)** | **सामाजिक विकास तथा लैंगिक समानता तर्फ (कम्तिमा ३०%)** | |
| १ | **फोहरमैला व्यवस्थापन क्षेत्रका प्रभावित समुदायका लागि** | |
| १.१ | सिंचाई तर्फ (वडा नं. ३ पुर्व पश्चिम राजमार्गको दक्षिण तर्फका समुदायका लागि) | १००० |
| १.२ | खानेपानी तर्फ (वडा नं. ३ पुर्व पश्चिम राजमार्गको दक्षिण तर्फका समुदायका लागि) | ८५० |
| १.३ | वडा नं. १ मा कर्ल्भट निर्माण | ८५० |
| १.४ | लैङ्गिक हिंसा न्युनिकरण तथा एच.आई.भि.एड्स सम्वन्धी जनचेतनामुलक कार्यकम (वडा नं. ११,१२) | ८० |
| १.५ | विपन्न वर्गका समुदायका लागि कुटानी पिसानी मिल (वडा नं. १२ चाप) | १९३ |
| | **जम्मा (ख)** | **२९७३** |
| **ग)** | **वातावरण संरक्षण तर्फ (कम्तिमा २०%)** | |
| १ | फोहरमैला व्यवस्थापन स्थलका सामुदायिक वनका प्रतिनिधीहरुलाई नेपालको कुनै उत्कृष्ट फोहरमैला व्यवस्थापन स्थलको अवलोकन भ्रमण | २५० |
| २ | अत्तरिया पार्कको पूर्वाधार विकास वा.नं. १ | ५०० |
| ३ | लामीताल संरक्षण वा.नं. २ | ४५० |
| | **जम्मा (ग)** | **१२००** |

| | | |
|---|---|---|
| **घ)** | **मर्मत सुधार तर्फ (कम्तिमा १०%)** | |
| १ | अत्तरिया चोक पार्क मर्मत सुधार तथा अत्तरिया चोकबाट पूर्व, पश्चिम र उत्तर तर्फका सडकमा बायो इन्जिनियरिङ्ग र सुन्दरीकरण कार्य गर्ने | ४०० |
| २ | पानी ट्यांकी खरिद | ३०० |
| | **जम्मा (घ)** | **७००** |
| | **कुल जम्मा (क+ख+ग+घ)** | **६०७३** |

**निर्णय नं. १२ :**

यस गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत वार्षिक देहाय बमोजिमका कार्यक्रम स्थानीय गैर सरकारी संस्था मार्फत कार्यान्वयनमा लैजानका लागि सो सम्बन्धमा पेश भएका प्रस्तावहरु नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले अध्ययन गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

क) वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक कार्यक्रम
ख) जलवायु परिवर्तन विरुद्धको कार्यक्रम
ग) जडीबुटी खेती प्रवर्द्धन तथा प्रशोधन कार्यक्रम
घ) शहरी सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरण कार्यक्रम
ङ) सार्वजनिक सुनवाई कार्यक्रम

**निर्णय नं. १३ :**

गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट नगरपालिकाको सम्पत्तीको सुरक्षा, सडक ब्यापार ब्यवस्थापन, दैनिक रुपमा बजार ब्यवस्थापन, पार्किङ ब्यवस्थापन, सार्वजनिक सम्पत्तीको सुरक्षा आदी कार्यका लागी ६ जना नगर प्रहरीको दरवन्दी स्वीकृत भएकोमा हाल १ जनामात्र नगर प्रहरी भएको र यस कार्यालयका करार सेवाका श्रेणी विहिन कर्मचारीहरुले नगर प्रहरीमा पदस्थापन गरि खटाई पाउँ भनी निवेदन दिएकोमा तपसिल बमोजिमका कर्मचारीहरुलाई नगर प्रहरी तर्फ लैजाने निर्णय गरियो । साथै यसरी नगर प्रहरी तर्फ जिम्मेबारी तोकिएका कर्मचारीलाई इलाका प्रहरी कार्यालय मालाखेती अत्तरियासंग समन्वयन गरी १५ दिनको प्रहरी तालिम समेत दिने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | श्री लोक राज भट्टराई | कार्यालय सहयोगी |
| २ | " परमानन्द भट्ट (भाट) | कार्यालय सहयोगी |
| ३ | " अम्वर राज शर्मा | चौकिदार |

**निर्णय नं. १४ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. २२ मा ताल तलैया, पोखरी र पानीका स्रोतहरुको संरक्षण शिर्षकमा रु. १० लाख रकम विनियोजन भएकोमा उक्त शिर्षकबाट दायित्व ब्यहोरिने गरि वा.नं. २ अन्तर्गत रहेको लामितालको विकासका लागी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

गोदावरी नगरपालिकाको क्षेत्र भित्र रहेका अत्तरिया बसपार्क, लामिताल, खेलकुद मैदान, हालको नगरपालिका कार्यालय अगाडीको खाली जमिनको भोगाधिकारका लागी सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

गोदावरी नगरपालिका वडा नं. १ स्थित पिपलगल्लीको ढल निकास र वडा नं. ११ र १२ मा पर्ने गौडी वजारको पानीको निकासका लागि प्राविधिकको लागत अनुमान बमोजिम योजना सम्झौता गरी कार्यान्वयनमा लैजान कार्यालयलाई जिम्मेबारी दिने र सोको वजेट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. २४ को

वडा समितिबाट स्वीकृत भई नगरपालिकामा माँग भएका योजना शिर्षकमा विनियोजन भएको रकमबाट ब्यहोरिने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

वडास्तरीय तथा नगरस्तरीय वजेट अन्तर्गत सम्झौता भई निर्माणाधिन रहेका तर वजेट अपुग भएका कारण अधुरो रहन सक्ने देखिएका विभिन्न वडाका पुल, कल्भर्ट र ढल निकास सम्बन्धी योजनाहरु सकेसम्म चालुवर्ष भित्रै सम्पन्न गर्ने गरि प्राविधिक खटाई लागत अनुमान तयार गर्न लगाउने र प्राविधिकबाट प्राप्त प्रतिवेदनको आधारमा थप रकम उपलब्ध गराई योजना सम्पन्न गराउने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

गोदावरी नगरपालिकाको वडा नं. ४ र १२ का पहाडी क्षेत्रहरु विद्युतीय सेवाको पहुचबाट बाहिरै रहेको र उक्त क्षेत्रमा विद्युत विस्तारका लागि फलामे पोल आवश्यकता पर्ने हुनाले शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा रु. १० लाख बराबरको पोल खरिद गर्न कार्यालयलाई जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

नगरप्रमुख, उपप्रमुखबाट वडाहरुको निरीक्षण तथा अनुगमन गर्ने क्रममा केही नयाँ योजना माग भएको तथा केही अधुरो योजनामा रकम थपका लागि माग भएको हुनाले देहायका योजनामा देहाय बमोजिम रकम दिने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शिव मन्दिरको पर्खाल निर्माण | वा.नं. ५ | १,५०,०००।- | |
| २ | नृप कडायतको घर देखी उत्तर नयाँ ट्र्याक खोल्ने | वा.नं. ११ | ३,००,०००।- | |
| ३ | चाप सल्ली ग्वाँसी समैजी आधारभुत विद्यालयलाई डेस्कटप कम्प्यूटर, प्रिन्टर र सोलार जडान लागत अनुमानको आधारमा गर्ने | वा.नं. १२ | | कार्यालयले खरिद गरि उपलब्ध गराउने |
| ४ | दुर्गा भवानी स्कूल नजिक ह्यूमपाईप पंखा बनाई ग्राभेल गर्ने | वा.नं. ८ | ७५,०००।- | |
| ५ | चापमा नाउलो निर्माण | वा.नं. १२ | ३०,०००।- | |
| ६ | वडाबाट विनियोजित भागेश्वर मल्लो बस्तीमा खानेपानी योजना निर्माणमा नपुग रकम थप | वा.नं. १० | ४,५०,०००।- | |
| ७ | सिंचाई बोरिङ्ग योजना (मलासी) | वा.नं. १० | ५०,०००।- | |
| ८ | चण्डेश्वरी स्कूलमा डिप ट्यूवेल खानेपानी योजना | वा.नं. ७ | २,००,०००।- | |
| ९ | भैरवस्थान देखी सालघारीसम्मको सडकमा बुढीतोलाको शिव मन्दिर अगाडीको मोड देखि सालघारीसम्म सडक जोड्न नयाँ ट्र्याक खोल्ने | वा.नं. ४ | २,००,०००।- | |
| १० | स्याउले देखी सेहरीको अधुरो रहेको बाटोमा ग्राभेल | वा.नं. ९ | ३,००,०००।- | |
| ११ | पवित्रा खड्काको घर नजिक रहेको अधुरो ग्राभेल पुरा गर्ने | वा.नं. ४ | ९७,०००।- | |
| १२ | गौडी देखी टुडेला खोलासम्म सडक ग्राभेल | वा.नं. १२ | १,५०,०००।- | |
| १३ | कालिका कृषक समूह (बम ब. मल्ल) को घर नजिक पम्पसेट | वा.नं. ४ | ६०,०००।- | |
| १४ | सु.प. समावेशी स्कूलमा आर्टिजन धारा | वा.नं. २ | १,५०,०००।- | |
| १५ | लक्ष्मी आधारभुत विद्यालय, बुढीतोला अधुरो भवन | वडा नं. ४ | ३०००००।- | |
| १६ | बाहिनी पछाडी तल्लो बनखेत बम बहादुर थापा नजिक सडक ग्रोभल | वा.नं. १ | ४०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १७ | पिपल गल्ली लिला बास्कोटाको घर नजिक ढल निकास | वा.नं. १ | ३०,०००।- | |
| १८ | रेगुलेटर देखी माथी पानी पिच | वा.नं. ११ | १०,००,०००।- | |
| १९ | ईश्वरा देवीको घर नजिक १०० मिटर प्लाष्टिकको १० इन्ची पाईप खरिद गरि वितरण गर्ने | वा.नं. १२ | | |
| २० | दहल टोल पछाडी ११ मिटरका १५ थान र उत्तर बनखेतको विभिन्न स्थानमा ९ मिटरका २५ थान विद्युत पोल खरिद गरि वितरण गर्ने | वा.नं. २ | | |
| २१ | विभिन्न स्थानमा ९ मिटरका १५ थान विद्युत पोल खरिद गरि वितरण गर्ने | वा.नं. १ | | |
| २२ | जेष्ठ नागरिक समाज, अत्तरियाको दिवा सेवा केन्द्रको भवन निर्माणका लागी रकम थप | वा.नं. २ | २,५०,०००।- | |
| २३ | तारा देवी साउदको घर नजिकको आर्टिजन धारामा नपुग रकम प्राविधिक मूल्याङ्कनका आधारमा दिने | वा.नं. ३ | | |
| २४ | थारु संग्रालयको भवन निर्माण | वा.नं. ७ | १,००,०००।- | |
| २५ | बसन्तपुर सिंचाई योजना तथा कृषक समूहमा मोटर जडानका लागी नपुग रकम थप गर्ने | वा.नं. १ | ३०,०००।- | |

**निर्णय नं. २० :**

विभिन्न धार्मिक, सास्कृतिक, खेलकुद लगायतका संस्थाले कार्यक्रम संचालन तथा सामग्री खरिदका लागि सहयोग माग गरेकोले देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | संस्थाको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | साहित्य समाजलाई आर्थिक सहयोग | २५,०००।- | |
| २ | सुदूर पश्चिमाञ्चल सांस्कृतिक मञ्चले मसुरियामा आयोजना गरेको शैक्षिक महोत्सवलाई सहयोग | १,००,०००।- | |
| ३ | अत्तरियामा आयोजना भएको पि.एफ.ए. कप भेट्रान क्रिकेट प्रतियोगिताका लागी प्ले फर अत्तरिया स्पोर्टस क्लव नेपाललाई सहयोग | १,५०,०००।- | |
| ४ | वैद्यनाथ लक्ष्य हवनात्मक अर्धकुम्भ महोत्सव, अछाम | १०,०००।- | अनुमोदन |
| ५ | सशस्त्र प्रहरी बल औद्योगिक सुरक्षा गुल्म, अत्तरिया (विपदको समयमा उद्धार कार्यमा परिचालन हुनका लागी विपद् उद्धारका सामग्रीहरु खरिद) । | ३०,०००।- | |
| ६ | गोदावरी नगरपालिकाको वा.नं. १० को श्री शंकर प्राथमिक विद्यालयमा धनगढी नेत्रालय प्रा.ली. आँखा अस्पताल, धनगढीद्धारा संचालित निशुल्क आखाँ शिविर । | ५००००।- | |
| ७ | अहिंसावादी विश्व शान्ति धर्म चक्र बौद्ध गुम्बा सु.प. क्षेत्रीय कार्यालय, अत्तरियालाई बुद्ध जयन्तीको उपलक्ष्यमा निकालिएको झाँकीका लागी आर्थिक सहयोग गर्ने | १५,०००।- | |

**निर्णय नं. २१ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजना अन्तर्गत अनुसूची ४ को वडा नं. १२ को वडा स्तरिय योजना मध्येको र नगर कार्यपालिकाको मिति २०७४/१२/५ गतेको निर्णय नं. ५ को ६ नं बुदाको देहायका योजनाहरु संसोधनका लागी वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त योजनाहरु संसोधन गरि कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क.सं. | नगरसभाबाट स्वीकृत योजना | रकम | संसोधित योजना | रकम |
|---|---|---|---|---|
| १ | वा.नं. ४ को गोलादेउ आधारभुत विद्यालय अधुरो भवन निर्माण | १,००,०००।- | गोलादेउ आधारभुत विद्यालयको घेरवार | १,००,०००।- |
| २ | वा.नं. १२ को हाउस वायरिङ्ग तालिम | ५०,०००।- | आरन सामग्री वितरण कार्यक्रम | ५०,०००।- |

**निर्णय नं. २२ :**

गोदावरी नगरपालिका अवस्थित गोदावरी-फुलबस्ती-बुढीतोला केवलकारको पूर्व सम्भाब्यता अध्ययनका लागी रु. ५,००,०००।- (पाँच लाख) रकम विनियोजन गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

मिति २०७५/१/३० गते र सो पश्चात विभिन्न मितिमा आएको हावहुरीले यस नगरपालिका क्षेत्र भित्रका विभिन्न किसानहरुले लगाएको वालीहरुमा निकै क्षती पुऱ्याएको हुँदा यस नगरपालिकासँग राहतको माँग गरेकोले कृषि शाखाका प्राविधिकबाट उक्त किसानहरुको वालीनालीको अनुगमन गरि यथार्थ विवरण आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

यस नगरपालिकामा भित्र रहेका साविकका मालाखेती, श्रीपुर, गेटा, बेलादेवीपुर र गोदावरी गाविसहरुको विगत देखिको ब्यक्तिगत घटनादर्ताका करिव ५७,००० को संख्यामा रहेका विवरणहरु कम्प्यूटरमा इन्ट्री गरि ब्यवस्थित गर्नु पर्ने भएकोले यस नगरपालिकाको प्रथम नगरसभाबाट चालु आ.व.का लागी स्वीकृत अनुसूची ३ को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत बुँदा नं. ८ को ब्यक्तिगत घटना तथा सामाजिक सुरक्षा अभिलेख ब्यवस्थापन कार्यक्रममा रु. ३,००,०००।- (तीन लाख) रकम विनियोजन भएकोमा उक्त शिर्षकबाट वडा अध्यक्ष र सचिवहरुलाई ब्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी तालिम संचालन भईसकेकोमा बाँकी रहेको रकम रु. १,१४,०००।- मा रु. १,७१,०००।- रकम थप गरि जम्मा रु. २,८५,०००।- को ब्यक्तिगत घटनादर्ता अभिलेख ब्यवस्थापन कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :**

मिति २०७४/१२/२३ गतेको नगर कार्यपालिकाको निर्णय नं. ७ अनुसार गो.न.पा. ७ शान्तीटोलमा हरियाली आई.पि.एम. कृषी समूह (ख) लाई सिंचाईका लागी अनुसूची ६ को कृषि तर्फ ३.१ को साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रमबाट दायित्व ब्यहोर्ने गरि बाँकी रहेको रकम रु. ८७,०००।- (सतासी हजार) बाट प्राविधिक लागत अनुसारको कार्य गर्ने र उक्त योजनाका लागी आवश्यक पर्ने ३ हर्ष पावरको मोटर कार्यालयको मौज्दातबाट उपलब्ध गराउने निर्णय गरियो ।